# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०८।२३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** <u>भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस कार्यक्रम सम्पन्न।</u>

अख्तियार दुरूपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको आयोजनामा 'UNCAC at 20: Uniting the World Against Corruption' भन्ने मूल सन्देशका साथ भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (डिसेम्बर ९) विभिन्न कार्यक्रम गरी मनाइयो। आज मिति २०८०/०८/२३ को कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक माननीय प्रमुख आयुक्त किशोर कुमार सिलवालको अध्यक्षतामा आयोगको सभाहलमा सम्पन्न भयो। उक्त कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' रहनु भएको थियो भने संवैधानिक निकायका प्रमुखहरु, आयोगका आयुक्तहरु, नेपाल राष्ट्र बैंकका गर्भनर, नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरु, सुरक्षा निकायका प्रमुखहरु, संघसस्थाका प्रतिनिधिहरु र सञ्चारकर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कार्यक्रमलाई सम्बोधन गर्दै "वर्तमान सरकार सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यसहित अगाडि बढिरहेकोले भ्रष्टाचारलाई सरकारी, सार्वजनिक, निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्य तथा सहयोगमा निवारण गर्ने कार्यमा सरकार प्रयत्नशील रहेको" बताउनुभयो।

भ्रष्टाचारका अन्तर्राष्ट्रिय आयामलाई ठीक ढङ्गले आत्मसाथ नगरी र त्यसका विरुद्ध प्रभावकारी कदम नचाली भ्रष्टाचार नियन्त्रण गर्न असम्भव रहेको भन्दै प्रधानमन्त्रीज्यूले महासन्धिका प्रावधानहरुलाई आन्तरिकिकरण गरी भष्ट्रचार नियन्त्रण गर्न उपचारात्मक, प्रवर्धनात्मक र निरोधात्मक उपायहरुको अवलम्बनका साथै शिक्षा नीतिमा परिवर्तन गरी प्रारम्भिक शिक्षा देखिनै भ्रष्टाचार विरुद्धको जनचेतना फैलाउने कार्य नगरिएमा भ्रष्टाचार नियन्त्रण धेरै नै चुनौतीपूर्ण हुने बताउनुभयो।

सुशासनको लागि भ्रष्टाचार नियन्त्रण अनिवार्य शर्त भएको भन्दै प्रधानमन्त्रीज्यूले भ्रष्टाचारको प्रकृतिमा प्रविधिको विकाससँगै जटिलता उत्पन्न भएकोले यसको नियन्त्रण गर्ने कार्यमा राज्य संयन्त्रमा रहेका सबै पदाधिकारीहरुले कानूनी दायित्वको गम्भिरता र अझ बढी जिम्मेवारीका साथ निर्वाह गर्न जरुरी रहेकोमा जोडदिनुभयो । वहाँले निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई समेत कसूरको रुपमा परिभाषित गरी दण्डनीय बनाउन कानूनी ब्यवस्था गर्न लागिएको व्यहोरा उल्लेख गर्नु भएको थियो।

कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयनको लागि नेपालले राष्ट्रिय रणनीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै आएको उल्लेख गर्नुभयो। रोजगारी सिर्जना गर्न, लैङ्गिक समानता हासिल गर्न, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत सेवाहरुमा सर्वसाधारणको व्यापक पहुँच पुऱ्याउनको लागि भ्रष्टाचार विरुद्धको पहलकदमी अति आवश्यक रहेकोले हामी क्षेत्र र सरोकारवालको सहयोग र हातेमालो आवश्यक रहेको उल्लेख गर्नुभयो।

मुख्य सचिवज्यूले कार्यक्रममा संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्रको हैसियतले नेपालले गर्नुपर्ने कानूनी सुधारको कार्यलाई प्राथमिकता दिई सरकारले आवश्यक कार्य गर्ने र सो को लागि समग्र निजामती सेवाको तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाउनुभयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हालै जारी गरेको निर्देशनहरु सबै सरकारी निकायले पालना गरेमा धरै हदसम्म भष्ट्रचार नियन्त्रण हुने उल्लेख गर्दै भष्ट्रचार एक बहुआयामिक विषय भएकोले यसको नियन्त्रणको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत राज्यका सबै संयन्त्र एवं सरकारी निकायहरु, नागरिक समाज, निजी क्षेत्र र आम समुदायको उत्तिकै सक्रियता आवश्यक पर्ने भन्दै भ्रष्टाचार निरुत्साहन गर्न सबै क्षेत्र निकाय र व्यक्तिले थप इमान्दारिता एवं सदाचारिता प्रदर्शन गर्न आवश्यक रहेको कुरामा जोड दिनुभयो।

कार्यक्रममा ट्रान्सपरेन्सी ईन्टरनेसनल नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गले भष्ट्रचार विश्वमै विधिको शासन, लोकतन्त्रिक शासन प्रणाली, समृद्धि तथा मानव अधिकारका निमित्त भयावह समस्या बनेकोले यसका विरुद्ध विश्व एकजुट भएर लड्न आवश्यक रहेको उल्लेख गर्नुभयो।

कार्यक्रमका अध्यक्ष तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त किशोर कुमार सिलवालले कुनै पनि देशको दिगो शान्ति, सुशासन र समतामूलक विकास एवं समग्र मानव अधिकारको उपयोगमा भ्रष्टाचार नै मुख्य बाधकको रुपमा रहेको र यसले आर्थिक विकासमा प्रतिकूल प्रभाव पार्ने मात्र नभई अस्थिरता, प्रशासकीय क्षमताको क्षयीकरण, वैधानिकताको क्षयीकरण र सरकारी स्रोत साधनको दुरुपयोग लगायत नागरिकका मूल्यहरु माथि नै प्रहार गर्ने भएकोले यसको नियन्त्रणको लागि राष्ट्रिय कानून, नीति र रणनीतिको तर्जुमा एवं प्रभावकारी कार्यान्वयनको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयात्मक प्रयत्न हुन आवश्यक रहेको बताउनु भयो।

वहाँले कार्यक्रममा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको नेपाल पक्ष राष्ट्र बनिसकेको सन्दर्भमा यसबाट सिर्जित दायित्व, चुनौती र जिम्मेवारी निर्वाह गर्न विद्यमान कानून, नीति र संरचनामा समयानुकुल सुधार र परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनु भयो। आयोगको मूल कानुनी अस्त्रको रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ मा समेटिएको मर्म र भावना तथा भ्रष्टाचारको बदलिदो स्वरुप र प्रवृत्तिलाई सम्वोधन गर्ने गरी उक्त ऐनहरुमा संशोधनको आवश्यकता रहेको प्रष्ट्याउँदै आयोग आफ्नो संवैधानिक दायराभित्र रहेर सर्बसाधारणले लगाएको आशंकापूर्ण आरोपको विधिसम्मत अनुसन्धान गरी तथ्य र प्रमाणले सम्पुष्टी

गरेको अवस्थामा अधिकार सम्पन्न अदालतसमक्ष अभियोजन गर्ने हदसम्मको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो।

भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण गर्ने दूरदृष्टिका साथ असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गर्दै मुलुकमा सुशासनको प्रत्याभूति दिन आयोगले उपचारात्मक, प्रवर्द्धनात्मक, निरोधात्मक र संस्थागत क्षमता विकासको रणनीतिलाई अंगिकार गर्दै नेपालको संविधानले प्रदान गरेको संवैधानिक दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्ने सम्वन्धमा आयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो।

सरकारी निकाय तथा जिम्मेवार पदाधिकारीहरुले जिम्मेवारी तथा उत्तरदायित्व नलिने, समयमा निर्णय लिन डराउने, निर्णय पन्छाउने, निश्चित कार्यविधि र प्रक्रियाहरु अवलम्बन नगर्ने, स्वार्थ बाझिँदा पनि आफ्ना पक्षमा निर्णय गर्ने, स्वार्थ समूहको हित अनुकूल निर्णय हुने कारण राज्य एवं नागरिकलाई अपूरणीय क्षति हुँदा समेत जिम्मेवारी नलिने प्रवृत्ति देखिएको कुरा औँल्याउँदै यस्ता कार्यबाट सिर्जित दायित्व र जिम्मेवारीको हिस्सेदार सम्बन्धित पदाधिकारीलाई बनाउन ढीलो भैसकेको बताउनु भयो। वहाँले दैनिक तथा प्रशासनिक निर्णयबाट हुने कामहरुसमेत मन्त्रिपरिषद्मा लैजाने र नीतिगत निर्णयका नाममा आफ्नो जिम्मेवारी पन्छाउने गलत प्रवृत्ति सार्वजनिक पदाधिकारीहरुमा देखिएकोले नीतिगत निर्णयको दायरा र यसको प्रष्ट रेखाङ्कन गरी कुनै पनि भ्रष्टचारजन्य क्रियाकलापबाट कोही पनि उम्कन नपाउने गरी आवश्यक व्यवस्था हुन जरुरी भैसकेको तर्फ जोड दिनुभयो।

आजको यस महत्वपूर्ण दिनले हामी सरोकारवाला सबैमा थप उर्जा र क्रियाशिलताका साथ भ्रष्टाचार बिरूद्ध निरन्तर सक्रिय रहन प्रेरणा प्रदान गर्ने छ भन्नु हुँदै कार्यबाहक प्रमुख आयुक्तले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरू, सार्वजनिक निकाय तथा अंगहरू, गैर सरकारी क्षेत्र, नीजि क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय एवं आम नागरिकबाट प्राप्त साथ, सहयोग र ऐक्यबद्धता लागि आभार व्यक्त गर्दै आगामी दिनमा समेत सबै सरोकारवालाहरूबाट निरन्तरता सहयोग र सहकार्यको लागि आव्हान गर्नुभयो।

सो अवसरमा आयोगका निमित्त सचिव गंगा प्रसाद पौडेलले स्वागत मन्तव्य राख्नुहुदै आजको दिनमा संबैधानिक एवं कानूनी व्यवस्थाको अधीनमा रही भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न आयोग र अन्तर्गतका सम्पूर्ण कर्मचारीको तर्फबाट मन, वचन र कर्मले निरन्तर लागि पर्ने प्रण गर्नु भएको थियो।

सहायक प्रवक्ता<br>
देवी प्रसाद थपलिया